# दराई परिवारमा सम्पति माथि महिलाहरुको स्वामित्व एवं निर्णय भूमिका

## (चितवन नगरपालिका वडा नं १२ मा गरिने समाजशास्त्रीय अध्ययन)

त्रि.वि. ,मानविकी तथा समाजिक शास्त्र संकाय समाजशास्त्र/मानवशास्त्र विभाग
पृथ्विनारायण क्याम्पस अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर
तहको आंशिक आवश्यकता पूरा गर्नका लागि प्रस्तुत

**शोध पत्र**


प्रस्तुतकर्ता

शान्ती पौडेल

रोल नं. १९२ / २०६४

रजि.नं. ६-१-१९-४२२-९९

पृथ्वी नारायण क्याम्पस

समाजशास्त्र/मानवशास्त्र विभाग , पोखरा ।


२०७०

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधिको आंशिक आवश्यकता पूर्तिको लागि मेरो निर्देशन र सु-परिवेक्षणमा शान्ति पौडेलले तयार गर्नुभएको **"दराई परिवारमा सम्पति माथि महिलाको स्वामित्व एवं निर्णय भूमिका"** सम्बन्धि समाजशास्त्रीय एक अध्ययन विषयको शोध पत्रको आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

..............................

शुक्रराज अधिकारी

शोध निर्देशक

पृथ्वीनारायण क्याम्पस

समाजशास्त्र/मानवशास्त्र विभाग

## कृतज्ञता ज्ञापन

शोधकार्य आफैंमा जटिल एवम् चुनौतिपूर्ण मानिन्छ । एकल प्रयासले मात्र शोधकार्य सम्पन्न गर्न कठिनाई हुने भएकाले सबैको साझा प्रेरणाको आधारमा नै शोध पत्र तयार पारिएको छ ।

“दराई जातिमा महिलाको सम्पति माथि स्वामित्व र निर्णय भुमिका” विषयमा आधारित रही यो शोधपत्र तयार गर्ने क्रममा वैयक्तिक अध्ययनको लागि प्रश्नावली निर्माणदेखि प्रत्येक विषयमा सल्लाह, सुझाव, निर्देशन र उत्प्रेरणा दिइ सहयोग गर्नुहुने शोध निर्देशक आदरणीय गुरु शुक्र अधिकारी ज्यू तथा मलाई समय दिइ सहयोग र हौसला दिनुहुने विभागीय प्रमुख शान्ति भुसाल ज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यस शोध-पत्रलाई गहनरुपमा अध्ययन गरी भाषा सम्पादन गर्नु हुने आदरणीय गुरु गिरीधारी पोखरेल ज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

यस अध्ययनको क्रममा सहयोग गर्नुहुने दिदी श्रीमती लक्ष्मी अधिकारी प्रति कृतज्ञता ब्यक्त गर्न चाहन्छु । साथै विविध अध्ययन सामाग्री जुटाउन मद्दत गर्ने श्रीमान बलराम अधिकारी , भरतपुरका समाज सेवी नोमे दराई र राजेन्द्र दराई प्रति धन्यवाद प्रकट गर्दछु । उच्च शिक्षा हाँसिल गर्न प्रेरणा दिनुहुने मेरा दाजुहरु र आदरणीय स्वर्गीय बुबाआमा प्रति हार्दिक आभार प्रकट गर्दछु ।

अनुसन्धानको जग तथ्याङ्क संकलन क्रममा मेरा जिज्ञासा तथा प्रश्नहरुको विना झन्झट र हिचकिचाहट कुशलता पुर्वक प्रतिक्रिया दिई सोधकार्यलाई सफल बनाउन आफ्नो अमुल्य समय प्रदान गर्ने सम्पुर्ण उत्तरदाता, सूचनादाता सवैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

..............................

शान्ती पौडेल

## सोधसार

सोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अर्न्तगत समाजशास्त्र र मानवशास्त्र विभागमा समाजशास्त्र विषयको स्नाकोत्तर तह द्धितीय बर्षको आठौ पत्रको लागि तयार पारिएको हो ।

उत्पादन व्यवस्थामा महिलालाई पुरुषको विकल्पका रुपमा नहेरी पुरुषको सहयोगीको रुपमा मात्र परिभाषा गर्ने प्रचलन र मान्यताले विश्वमा नै महिलाको आफ्नो स्वतन्त्र भुमिका रहन सकेको छैन् । जवकी सामाजिक उत्पादन व्यवस्थामा महिला विनाको पुरुष र पुरुष विनाको महिलाको कल्पना हुदैन । दुवैको समान भुमिका र महत्व रहने गर्दछ ।

समाज विकाशको प्रारम्भिक समयमा जुन समाज शिकारी र कन्दमुल बटुल्ने उत्पादन प्रणालीमा आधारित थियो , त्यस समयमा महिला र पुरुषको बराबरी हैसियत थियो । श्रम विभाजनको आधारमा काम हुने भएता पनि त्यस बेला सामाजिक विभेदको अवस्था भने थिएन । समाज दास युगमा प्रवेश गरेपछि सम्पतिमा नीजि सवालले महत्व पायो । पुरुषहरु घर बाहिरका कार्यहरुमा र महिलाहरु बाल बच्चा स्याहार तथा कृषितर्फ उन्मुख भए यसै समयदेखि सम्पति माथि को नियन्त्रणमा पुरुषको पहुँच बढी रहन पुग्यो । महिलाका अधिकार , कार्यक्षेत्र तथा स्वतन्त्रहरुमा कटौती भयो । त्यस समय देखि नै महिलाको अवस्था पुरुषको तुलनामा कमजोर बन्यो यो प्रक्रिया दास उत्पादन हुदै पुँजीवादी उत्पादन प्रणाली सम्म आईपुग्दा झन जटिल र विसम बन्यो ।

समाजशास्त्रीय अध्ययनहरुमा जातजातिको जनजीवनसँग सम्बन्धित धेरै प्रकारका अध्ययन भएका छन् साथै विभिन्न जातिका महिलाहरुको शैक्षिक अवस्था , समाजिक अवस्था , शसक्तीकरणले पारेको प्रभाव , प्रौढ शिक्षाले पारेको प्रभाव र पर्यटन विकाशमा महिलाको योगदान जस्ता विषयलाई लिएर विभिन्न अध्ययन भएको पाईन्छ  तापनि यस अध्ययन क्षेत्रका दराई महिलाहरुको बारेमा अध्ययन भएको पाईदैन् । त्यसैलाई मध्य नजर गरी “दराई परिवारमा महिलाको सम्पति माथि स्वामित्वको स्थिति र घरायसी निर्णय प्रक्रियामा महिलाको भुमिका” पत्ता लगाउने उद्धेश्यले यस सोधकार्यलाई अगाडि बढाईएको छ । यो अध्ययनमा वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ । यो

अध्ययन क्षेत्रगत रुपले विविधता र असीमितता भएतापनि औचित्य र सन्दर्भका दृष्टिले भरतपुर नगरपालिकाको वर्डा नं. १२ दराईटोलमा मात्रै सीमित गरिएको छ । अध्ययन क्षेत्रमा ५० घरधुरी दराई बस्ती रहेकोमा सम्पूर्ण परिवारका महिलालाई वैयक्तिक अध्ययनमा समेट्दा उनीहरुको गहिराईमा पुग्न समय स्रोतको अभाव साथै सोधपत्र भद्धा हुने ठानी ५० घरधुरी मध्ये बाट महिलाको उमेर र परिवारको आर्थिक स्थितिको आधारमा वर्गीकरण गरी उद्धेश्यमुलक तरिकाले दुवै स्तर बाटै जम्मा २३ जना महिलाहरुलाई नमुनाको रुपमा लिई तिनीहरुको वैयक्तिक अध्ययन गरिएको छ ।

यस अध्ययनलाई औचित्य पुर्ण बनाउनको लागि प्राथमिक तथा द्धितीय दुवै प्रकृतिका तथ्याङ्कहरु संकलन गरिएको छ । व्यक्तिगत अध्ययन , अवलोकन र मुख्य सुचनादाता बाट प्राथमिक तथ्याङ्क प्राप्त भएका छन् भने द्धितिय प्रकृतिका तथ्याङ्कको लागि विभिन्न लेख रचना , समीक्षा विश्वविद्यालयका सोधपत्र , पत्रपत्रिका जस्ता श्रोतबाट लिईएको छ । व्यक्तिगत अध्ययनका आधारमा प्राप्त भएका गुणात्मक तथ्यहरुलाई विश्लेषण गर्दै वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ

पितृसतात्मक वा पुरुष प्रभुत्वलाई स्विकार्ने उक्त दराई परिवारमा पैत्रिक सम्पतिको उत्तराधिकारी छोरालाई नै मानिले हुँदा अहिलेसम्म महिलाको पहुँच पैत्रिक सम्पति माथि पुगेको छैन् । घरायसी सम्पतिको परिचालन महिलाको पहुँचमा भएको पाईएन । महिलाले माईती बाट पेवाको रुपमा पाएको वा राजश्व छुट पाउने आशामा महिलाको नाममा पास गरिएको भएता पनि घरजग्गा जस्ता अचल सम्पतिको भोगचलनको अधिकार महिलामा रहेको पाईदैन । तर अन्य पेवा दाईजो तथा स्वआर्जनको सम्पतिहरु धेरै जसो महिलाहरु आफुले नै चलाउने गरेको पाईयो ।

आर्थिक निर्णयहरु त्यसमा पनि घरजग्गा जस्ता अचल सम्पतिको निर्णय पुरुषहरुले नै गर्ने गरेको पाईयो भने केही श्रीमान वैदेशिक रोजगारीमा गएका परिवारमा घरका अचल सम्पति वाहेकका अन्य आर्थिक लेनदेनहरु महिलाहरु स्वयम्ले नै गर्ने गरेको पाइयो । आर्थिक निर्णयहरुमा महिलाहरुले लिन नसक्नुमा आर्थिक आय आर्जनमा पछाडि पर्नु नै हो भने परिवारमा महिलाको सम्पतिको स्वामित्वको अभाव र पुरुषलाई प्रमुख स्थान दिनु नै हो । दराई परिवारमा महिलाहरु आर्थिक निर्णयमा पछाडि भएतापनि अन्य निर्णयहरु सन्तान उत्पादन , शिक्षा , घरभित्रका भान्सा , मेलापात तथा संघ संस्था जस्ता विषयहरुमा महिलाहरुको पनि राम्रो सहभागिता तथा सक्रियता रहेको पाईयो ।

# विषयसूची


| | पृष्ठ संख्या |
|---|---|
| **अध्याय- एक : परिचय** | **१-८** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अनुसन्धानको उद्देश्य | ५ |
| १.४ अनुसन्धानको महत्व | ५ |
| १.५ अध्ययनको सीमा | ६ |
| १.६ अध्ययनको संगठन | ६ |
| १.७ सैद्धान्तिक अवधारणा | ७ |
| १.८ विश्लेषणात्मक अवधारणा | ८ |
| **अध्याय -दुई : सान्दर्भिक साहित्यको सिंहावलोकन** | **९-२३** |
| २.१ सैद्धान्तिक पक्षको  सिंहावलोकन | ९ |
| २.१.१ उत्पादन प्रणाली, अधाार संरचना र उपरी संरचना | ९ |
| २.१.२ पितृसत्ता | १२ |
| २.२ महिलावादी सिद्धान्तहरु | १३ |
| क) उदारवादी महिलावाद | १३ |
| ख) मार्क्सवादी महिलावाद | १३ |
| ग) आमूल महिलावाद | १४ |
| घ) समाजवादी महिलावाद | १५ |
| २.३ विश्व व्यवस्था सिद्धान्त | १५ |
| २.४ व्यवहारिक अनुसन्धानको सिंहावलोकन | १६ |
| २.४.१ मानव सभ्यता र नारी | १६ |
| २.४.२ महिला आन्दोलन | १७ |
| २.४.३ महिलाको सामाजिक स्थिति | १८ |

**अध्याय- तीन : अध्ययन विधि** २४-२७

३.१ अध्ययन क्षेत्रको छनौट २४

३.२ अध्ययन क्षेत्रको परिचय २४

३.३ अनुसन्धान ढाँचा २५

३.४ तथ्याङ्कको श्रोत र प्रकृति २५

३.५ समग्र र नमूना छनौट २६

३.६ तथ्याङ्क संकलन विधि २६

  ३.६.१ मुख्य सूचनादाता २६

  ३.६.२ अवलोकन २६

  ३.६.३ व्यक्तिगत अध्ययन २७

३.७ तथ्याङ्क विश्लेषण एवं प्रस्तुतीकरण २७

**अध्याय-चार : व्यक्तिगत अध्ययन** २८-६०

**अध्याय-पाँच : दराई परिवारमा सम्पति माथि महिलाको स्वामित्व** ६१-७०

५.१ पैत्रिक सम्पतिमा ६१

५.२ दाइजोमा ६३

५.३ निजी सम्पति वा पेवामा ६३

  क) जग्गा जमिनमा ६३

  ख) पशुपंक्षीमा ६४

५.४ घरपालुवा जनावरमा ६५

५.५ दैनिक ज्यालामा ६६

५.६ व्यापारमा ६७

५.७ घरायसी तथा अन्य आम्दानीमा ६७

५.८ नोकरीमा ६८

५.९ वैदेशिक रोजगारीमा ६९

५.१० छोरा छोरीको सम्पतिमा ७०

५.११ स्व-आर्जनमा ७०

**अध्याय - छ : घरायसी निर्णय प्रक्रियामा दराई महिलाको भूमिका** **७१-७७**

६.१ शिक्षामा ७१

क) वाल बच्चाको ७१

ख) महिलाको ७२

६.२ पेशा / व्यवसायमा ७२

६.३ सामाजिक संघ संस्थामा ७३

६.४ विवाहमा ७४

६.५ राजनीतिक क्षेत्रमा ७४

६.६ किनबेचमा ७५

६.७ समान खरीदमा ७५

६.८ मेलापातमा ७५

६.९ खाना / भान्सामा ७६

६.१० सन्तान उत्पादनमा ७६

६.११ सामाजिक कार्यमा ७७

**अध्याय - सात : सारांश निष्कर्ष र सुझाव** **७८-८२**

७.१ सारांश ७८

७.२ मुख्यप्राप्ती ७८

७.३ निष्कर्ष ८१

७.४ सुझावहरु ८२

सन्दर्भ ग्रन्थ सूची ८३

**परिशिष्ट -एक : अध्ययनको नमुना प्रश्नावली** **८५**

**परिशिष्ट -दुई : अन्तर्वाताका क्रममा खिचिएका फोटोहरु** **९०**

**परिशिष्ट -तीन : मुख्य सूचनादाताको नामावली** **९२**